KRIPA NATIONAL DAILY

# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष १९, अंक-१९२ बारा, २०७९ भदौ २३ गते विहिबार/ त्रयोदशी /नेपाल संवत् ११४२ / Thursday, Sep. 8 2022/पृष्ठ ४ /मूल्य रु. ५/- पाँच

## वीरगन्जमा मधेश विश्वविद्यालयको स्थापना




वीरगन्ज, २२ भदौ/वीरगन्जमा मधेश विश्वविद्यालय स्थापना भएको छ । बुधबार मधेश प्रदेश सरकारको अगुवाइमा वीरगन्जमा भव्य कार्यक्रमको आयोजना गरेर मधेश विश्वविद्यालय स्थापना गरिएको हो ।

विश्वविद्यालयको उपकुलपतिमा वीरगन्ज पब्लिक क्याम्पसका सञ्चालक प्राध्यापक डाक्टर दिपक शाक्यलाई नियुक्त गरिएको छ ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले बुधबार विश्वविद्यालयको उद्घाटन गर्नुभयो ।

मधेशमा उच्च शिक्षाको विकासका लागि मधेश विश्वविद्यालय कोशेढुंगा सावित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'वीरगन्जमा पहिलेदेखि नै विश्वविद्यालय स्थापनाका लागि प्रयास हुँदै आएको थियो । तर सरकारले स्वीकृति नदिंदा सार्थकता पाउन सकेको थिएन । मधेश सरकारले त्यो सपना पूरा गरिदियो ।'

विश्वविद्यालयको कार्यालय वीरगन्जस्थित नेशनल ट्रेडिङको भवनमा स्थापना भइसकेको छ । पर्सा जिल्लामा १०० बिघा जमिन खोजेर विश्वविद्यालयको थप संरचनाहरू बनाउने तयारी छ ।


स्थापना समारोहमा मुख्यमंत्री मोहम्मद लालबाबु राउत, वीरगन्ज महानगरका नगर प्रमुख राजेशमान सिंहलगायत सहभागी थिए ।

## मालपोत कार्यालयको सेवा यथावत राख्नुपर्ने माग गर्दै कलैयामा सुरु भएको प्रदर्शनमा सुवर्ण र देवताल गापाका सेवाग्रही पनि सहभागी

बारा, २२ भदौ/सिम्रौनगढ हाले संचालनमा आएको मालपोत कार्यालयबाट सेवा लिन अपायक भएको भन्दै महागढीमाई नगरपालिका बासिन्दाले सुरु गरेको सदरमुकाम कलैया केन्द्रीत आन्दोलन बुधवार तेस्रो दिन पनि जारी रहेको छ ।

यसअघि महागढीमाई नगरपालिका वडा नम्बर( ९ पिप्राबिर्ताका बासिन्दाले जिल्ला सदरमुकाम कलैयामा सुरु गरेको प्रदर्शनमा बुधवार सुवर्ण र देवताल गाउँपालिकाका सेवाग्राही पनि सहभागी बनेका हुन । उनीहरुले पनि कलैयाबाट सिम्रौनगढ सेवा क्षेत्रमा राखिएको विरोध जनाएका छन । देवताल गाउँपालिकाका अध्यक्ष उदय यादवले जिल्ला प्रशासन कार्यालयमा पत्र पठाएर स्थानीयलाई कलैयाबाट नै यथावत सेवा दिने व्यवस्था मिलाउन सोमवार माग गर्नुभएको छ ।

सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादव, महागढीमाई नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष दिलिप शुक्ला र देवताल गाउँपालिकाका वडा नम्बर १ का वडा अध्यक्ष अरुण सिंहको




नेतृत्वमा निस्किएको जुलुसले मालपोत र नापी कार्यालयमा पुगेर कार्यालयको सेवा अवरुद्ध बनाएको थियो । नारा जुलुससहित सेवाग्राहीको जुलुस पुगेपछि कार्यालयको काम दिउसो १२ बजेबाट ठप्प बनेको थियो । जुलुसका सहभागीहरुले कलैयाबाट यथावत सेवा दिने व्यवस्था गर, सिम्रौनगढको सेवा चाहिदैन, जनतालाई अपायक सेवा दिन पाइदैन जस्ता नारा लगाएका थिए ।

सिम्रौनगढ मालपोत कार्यालयको सेवा क्षेत्रमा राखिएपछि यस क्षेत्रका बासिन्दा ३ दिनदेखि आन्दोलनमा छन । उनीहरुले यसअघि जिल्ला प्रशासन

बाँकी तेश्रो पेजमा

## सिट भागबण्डामा उपेक्षा भयो भने एक्लै चुनाव लडिन्छ : अध्यक्ष उपेन्द्र यादव

वीरगन्ज, २२ भदौ/जनता समाजवादी पार्टी (जसपा) का राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले गठबन्धनमा उपेक्षा गरिए जसपा एक्लै चुनाव लड्न तयार रहेको बताउनुभएको छ ।

वीरगन्जमा बुधबार जसपाको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले गठबन्धनको बैठकमा सिट बाँडफाँडको छलफल हुँदा जसपालाई उपेक्षा गरिएको जस्तो महशुस भएको र यस्तो गरियो भने जसपा एक्लै चुनाव लड्न तयार रहेको बताउनुभयो ।



अध्यक्ष यादवले जसपाको हैसियत अनुसार सिट बाँडफाँड नगरिए एक्लै चुनाव लड्ने उद्घोष गर्दै त्यहि अनुसारको तयारीमा लाग्न नेता कार्यकर्तालाइ निर्देशन पनि दिनुभयो । आफुहरु गठबन्धनको विरोधी नभएको प्रस्टयाउदै उहाँले अहिलेको गठबन्धनलाई निरन्तरता दिनु पर्ने आजको आवश्यकता भएको पनि बताउनुभयो ।

अध्यक्ष यादवले आगामी निर्वाचनमा संघीयता र गणतन्त्र विरोधी प्रतिगमनकारी शक्तिलाई जसरी भए पनि परास्त गर्नुपर्ने पनि बताउनुभयो । आगामी निर्वाचनमा संघीयता र गणतन्त्रका पक्षधरहरु पराजित भए प्रतिगमनकारी शक्तिले संघीयता र लोकतन्त्रलाई समाप्त पार्ने र मधेस फेरि गुलाम (नोकर) बन्ने खतरा रहेको यादवले बताउनुभयो ।

संघीयता र गणतन्त्रको जननी मधेसी दल रहेको दाबी गर्दै उहाँले मधेस विद्रोहकै कारण मुलुकमा संघीयता र गणतन्त्र आएको दाबी गर्नुभयो ।

जसपा पर्साका अध्यक्ष रामनरेश प्रसाद यादवको अध्यक्षतामा भएको अगुवा कार्यकर्ता भेलालाई जसपाका राजनीतिक समिति सदस्यहरु हरिनारायण रौनीयार, देवेन्द्र मिश्रा, बालकिशोर यादव, मोहन चौधरी, केन्द्रीय सदस्य करिमा बेगम, सलमा खातुन, जिल्ला इन्चार्ज सिंहासन साह कलवार लगायतकाले पनि सम्बोधन गरेको जिल्ला सचिव तबरेज अहमदले जानकारी दिनुभयो ।

## अमलेखगञ्जमा दुई वटा पेट्रोल भण्डारण गृह बनाइने

वीरगन्ज, २२ भदौ/नेपाल आयल निगमले पाइपलाइनमार्फत पेट्रोलसमेत नेपाल आयात गर्न बाराको अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयमा पेट्रोल भण्डारण गर्न दुई वटा पेट्रोल भण्डारण गृह (टङ्की) निर्माणको काम अघि बढाएको छ ।



हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म पाइपलाइनमार्फत डिजेल मात्र आयात गर्दै आएको थियो। निगमले अब भने उक्त पाइपलाइनबाटै पेट्रोलसमेत आयात गर्न निगमको अमलेखगञ्जस्थित डिपो परिसरमा दुई वटा भण्डारण ट्याङ्की निर्माणको काम अघि बढाएको हो।जसका लागि भारतीय आयल कर्पोरेसनले पेट्रोल भण्डारण गृह निर्माणका लागि आवश्यक ठेक्का प्रकिया पूरा गरिसकेकाले आगामी दसैँपछि भण्डारण गृह निर्माण काम सुरु हुने अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयका प्रमुख इन्जिनीयर प्रदीप यादवले जानकारी दिनुभयो ।

निगमले भारतको बिहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म करिब ६९ किमी लामो पाइपलाइनमार्फत डिजेल आयात गर्दै आएको छ । अब निर्माण हुने पेट्रोल भण्डारण गृह (ट्याङ्की)मध्ये प्रतिट्याङ्की चार हजार एक सय किलोलिटर क्षमताको हुनेछन ।

नेपालतर्फको पाइपलाइनको अन्तिम बिन्दु अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएपछि पाइपलाइनमार्फत नेपालमा पेट्रोल आयात गर्न थप सहज हुनेछ । पेट्रोल सङ्कलन गर्ने दुई वटा भण्डारण ट्याङ्की निर्माणपश्चात् निगमलाई पेट्रोल आयातमा प्रतिलिटर करिब एक रुपैयाँ ५० पैसा ढुवानी खर्च सस्तो पर्ने आँकलन गरिएको आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिनुभयो ।

करिब रु तीन अर्ब २६ करोडको लागतमा निर्माण हुने दुई वटा पेट्रोल भण्डारण ट्याङ्की निर्माणको कार्य आगामी सन् २०२४ को जनवरीसम्म सम्पन्न हुने लक्ष्य रहेको छ । मोतिहारीदेखि अमलेखगञ्जसम्म करिब ६९ किलोमिटर लामो पाइपलाइनबाट प्रतिघण्टा दुई लाख ५० किलोलिटरका दरले डिजेल आयात भइरहेको बताइएको छ । तर पेट्रोलका लागि भारतबाट हालसम्म पनि ट्याङ्करमार्फत आयात भइरहेको छ ।

## अवैध भारतीय कार सशस्त्र प्रहरीको नियन्त्रणमा



वीरगन्ज, २२ भदौ/सशस्त्र प्रहरीले वीरगन्जबाट अवैध भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएको छ । तीन दिनको इजाजत पत्र बनाई ११८ दिनसम्म राखिएको कार नियन्त्रणमा लिएको हो ।

भदौ २१ गते दिउँसो साढे २ बजे वीरगन्ज(१६ भन्सार रोडमा वोर्डर आउट पोष्ट वीरगन्जबाट खटिएको गाडी मोबाईल टोलीलाई देख्ने वित्तिकै कार छोडेर चालक भागेका थिए ।

बीआर ०६ एभी ५९१४ नम्बरको सेतो कार चेकजाँच गर्दा गौर भन्सार

बाँकी तेश्रो पेजमा

## बच्चा चोरी गर्ने आशंकामा भारतीय महिला पक्राउ



वीरगन्ज, २२ भदौ/वीरगन्जमा बच्चा चोर्न आएको आशंकामा तीनजना भारतीय महिलालाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीमा बुझाएका छन् ।

वीरगन्ज महानगरपालिका वडा नम्बर १ बजार छपकैयाबाट स्थानीयले तीन जना भारतीय महिलालाई नियन्त्रणमा लिएर प्रहरीमा बुझाएका हुन् । वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरिक्षक विशाल मल्लका अनुसार बुधवार बिहान ९ बजे तिर बजार छपकैयाका स्थानीय एक व्यक्तिको घरमा छिरेका ती महिलाहरुलाई बच्चा चोर्न आएको आशंकामा स्थानीयले

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी,र समाचारको लागी हेरौं www.ekripa.com

## सम्पादकीय........

# बलात्कारको आरोप र नाबालिका

नेपाली युवा वर्गका चर्चित नायक पल शाह अहिले पनि बलात्कारको अभियोगमा जेलमा छन् । उनी जेलमा परेको करिब एक वर्ष हुनै लाग्यो । एक गायिकाले उनीमाथि उजुरी गरिन् र पल शाह फसे । फसे कुन अर्थमा भने नाबालिका भनिएकी गायिकाको उमेर नपुगेका कारण पल फसे । फेरि बुधबार यस्तै एउटा घटना सार्वजनिक भएको छ ।

नेपाली क्रिकेटर संदीप लामिछानेमाथि यस्तै आरोप लागेको छ । १७ वर्षकी भनिएकी ती किशोरीलाई कानुनले नाबालिका भनेको छ अनि संदीपसंग उनी मस्तले घुमेको पनि देखिन्छ । नेपालको कानुनको फाइदा उठाउदै पछिल्ला दिनमा युवा खासगरी ख्याति कमाएकाहरुलाई एकाएक सिध्याउने षडयन्त्र हुदैछ । यसो भनिरहदा बलात्कृत भनिएकाको विपक्षमा कलम चलाएको पनि कतिपयलाई लाग्छसक्छ ।

तर, सत्य कुरा यो होइन, सत्य कुरा के हो भने कानुन फाइदा उठाएर कसैले पनि कसैमाथि अन्याय गर्न नपाओस भन्ने नै हो । नेपालमा अहिले महिलाको पक्षमा बलिया कानुन बनेका छन । तर यसको गलत मनसायले प्रयोग हुन थाल्यो भने यसले अवश्य नै अनिष्ट निम्त्याउने छ । नेपालमा पछिल्लो समय बलात्कारको नाममा सार्वजनिक भएका घटना र त्यसको कारणकोपछि हेर्ने हो भने कतै महिलाको सुरक्षाको लागि भनेर निर्माण भएका कानुनहरु कतै पुरुषको विरुद्ध त प्रयोग हुन थालेका हैनन भन्ने प्रश्न उठन थालेको छ । खासगरी बलात्कारको सवालमा यस्तो प्रश्न अलि बढी नै उठने गरेको हो ।

सन्दिपको घटनाकै कुरा गर्ने हो भने पनि कसैको शुचचिन्तक र फ्यान भइयो भन्दैमा ऊसंग किन नगरकोट घुम्न जाने ? किन होटलमा बसौं भन्दैमा बस्ने ? किन उसका सबै कुरा मान्ने ? यो घटनामा पनि ति किशोरीको धेरै कमजोरी छ । बलात्कार भनेको त जवरजस्ती हुने कुरा हो तर सहमतिमा भएपछि कानुनको फाइदा लिएर फसाउने प्रवृत्ति पनि निक्कै बढेकाले अब यो कानुन नै संशोधन गर्न आवश्यक देखिन्छ । कसैले आरोप लगाउदैमा कसैको जीवनमाथि पनि खेलबाड गर्न मिल्दैन ।


## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्गिट कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्व्याम्प लगायत अर्डर अनुसारका सामानहरू उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरू तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईनजिनियरीगंका सामानहरू बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

सम्पर्क
के. एस मल्टिप्रपोज प्रा.लि.
वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५


# कर्जाको प्रवाह घटाऔं, ब्याजदर बढाऔं



□ डा. प्रकाशकुमार श्रेष्ठ

विदेशी विनिमय सञ्चिति जोगाउने र कमाउने विषयलाई प्राथमिकता दिनुपर्छ ।

हामी जस्ता विकासशील राष्ट्रहरूले उच्च आर्थिक वृद्धिदरको अपेक्षा राखेका हुन्छन्। देश विकासका लागि प्रत्येक नागरिकको आय बढ्नुपर्छ र समग्र आर्थिक विकासका लागि उच्च आर्थिक वृद्धिदर हुनैपर्छ। हाम्रो सरकारले प्रायःजसो बजेट वक्तव्यमा उच्च आर्थिक वृद्धिदरको लक्ष्य राखेको हुन्छ। तर, औसतमा ४ प्रतिशतको आर्थिक वृद्धि छ। चालू आर्थिक वर्षमा पनि सरकारले ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य बजेटमा लिएको छ।

उच्च आर्थिक वृद्धिदर हासिल गर्ने उपायका विषयमा धेरै अनुसन्धानहरू भएका छन्। आर्थिक वृद्धिले बर्सेनि अर्थतन्त्रभित्र वस्तु तथा सेवाको उत्पादनको वृद्धिलाई जनाउँछ। उत्पादन बढ्न उत्पादनका साधनहरूको उपलब्धता बढ्नुपर्छ। उत्पादनका साधन भनेका श्रम, पुँजी, भूमि र प्रविधि हुन्। यिनीहरूको समन्वय र संयोजनबाट नै उत्पादन बढ्ने हो। तर, उत्पादनको कार्य हुनको लागि लगानीको वातावरण चाहिन्छ। शान्ति सुरक्षा, भौतिक पूर्वाधार, ऊर्जाको उपलब्धता, लगानीमैत्री कर प्रणालीका साथै कर्जाको उपलब्धता र ब्याजदरले पनि लगानीको वातावरणलाई निर्धारण गर्दछ। उत्पादनको लागि ब्याजदर र कर्जा एउटा सानो कारण हो। पक्कै पनि कम ब्याजदरमा कर्जा उपलब्ध भएमा उत्पादन कार्य बढ्ने अपेक्षा राखिन्छ । तर विगतमा कम ब्याजदर भएको बेलामा पनि आर्थिक वृद्धिदर खासै बढ्न नसकेको यथार्थता भने हाम्रा सामु छ।

तर, अहिले आर्थिक वृद्धिको मुख्य जिम्मेवारी नै मौद्रिक नीति हो जस्तो गरी चर्चा हुने गरेका छन्। चालू आर्थिक वर्षको मौद्रिक नीति केही कसिलो भएको भन्दै आर्थिक वृद्धिदरलाई सहयोग नपुऱ्याउने भनेर आलोचना भएको छ। जबकि मौद्रिक नीतिले आर्थिक वृद्धिलाई सहज होस् भनेर नै पुनर्कर्जा सुविधा र कर्जा निक्षेप अनुपात गणना गर्दा स्रोतको रूपमा बैंक तथा वित्तीय संस्थाले आफूले जारी गरेको डिबेन्चरबाट उठेको रकमलाई समावेश गर्न पाइने व्यवस्था कायमै राखेको छ। साथै, काउन्टर साइकिल क्यापिटल बफर लागू गर्ने समय अझ पर सारेको छ। मुलुकमा आर्थिक वर्ष २०६८।६९ देखि २०७७।७८ सम्मको कर्जाको वृद्धिदर औसत १९ प्रतिशत रह्यो। तर यो अवधिमा औसत आर्थिक वृद्धिदर ४.४ प्रतिशत मात्रै रह्यो। कर्जाको वृद्धिदर दक्षिण एसियामा नै उच्च छ। कर्जाको कुल गार्हस्थ्य उत्पादनको अनुपात शतप्रतिशतभन्दा बढी पुगिसकेको छ। यसले के देखाउँछ भने मुलुकमा कर्जा वृद्धि अनुरूप आर्थिक वृद्धि हुन सकेको छैन। यो हुनुमा आर्थिक वृद्धिका अन्य कारकहरू मुख्य रूपमा जिम्मेवार छन्। बरु कर्जाले आयात बढाउन सहयोग पुऱ्याउँदै आएको छ। ब्याजदर कम भई कर्जा बढी बढेका वर्षहरूमा घरजग्गा र सेयर सूचकजस्ता सम्पत्तिका मूल्यहरू बढ्ने गरेको पाइन्छ। यसले उपभोग बढाइ आयात थप बढाउने गरेको छ। कोभिड–१९ महामारीका अघिल्लो तीन आर्थिक वर्ष मुलुकको औसत आर्थिक वृद्धिदर ७.७५ प्रतिशत थियो। त्यसबेला बाहेक मुलुकको आर्थिक वृद्धिदर कमै रहने गरेको छ। यस पटकको बजेटले परिलक्षित गरेको आर्थिक वृद्धि दर जसरी भए पनि हासिल हुनुपर्छ भने आशय सरकारले व्यक्त गरेको पाइन्छ। अनि त्यो काम मौद्रिक नीतिले जसरी भए पनि गर्नु पर्छ भन्ने तर्कहरू सुन्न पाइन्छ। कसिलो मौद्रिक नीति आएको अवस्थामा बजेटमा उल्लेखित आर्थिक वृद्धिदर हासिल गर्न मौद्रिक नीतिले सहयोग गरेन भनेर आलोचना हुने गरेको छ। जुन अहिलेको अर्थतन्त्रको माग र अवस्थासँग मेल खाँदैन।

हिजोको दिनहरूमा सहज रूपमा कर्जा प्रवाह हुँदा आर्थिक वृद्धि दर नबढेको देख्दा देख्दै पनि यस वर्ष कर्जा प्रवाह कम भयो भने आर्थिक वृद्धिदर चौपट्ट पर्छ कि जस्तो गरिएको छ। स्थिरतासँगै अर्थतन्त्रमा भएका संरचनात्मक समस्या समाधान भए थौरै कर्जाको वृद्धिदरमा पनि आर्थिक वृद्धिदर बढ्न सक्छ। साथै, चालू आर्थिक वर्ष संसदीय चुनावका कारण हुने बलियो आन्तरिक माग, सात सय मेगावाटको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिन जान लागेकोले कर्जा प्रवाह कमै भए पनि आर्थिक वृद्धिदर औसतभन्दा माथि रहने देखिन्छ। साथै, उल्लेख्य संख्यामा रहेका सिमेन्ट उद्योगहरूले सिमेन्ट निर्यात गरी पूर्ण क्षमतामा सञ्चालनमा आएमा उच्च आर्थिक वृद्धिदर हासिल गर्न थप सहयोग पुग्ने निश्चित छ।

मौद्रिक नीतिले आफ्नो उपकरणहरूबारे निर्णय गर्दा वर्तमान समष्टिगत आर्थिक अवस्था र सम्भावित परिदृश्यलाई मध्यनजर राख्नुपर्ने हुन्छ। आर्थिक वर्ष २०७८।०७९ भरि शोधनान्तर घाटाको अवस्थामा रह्यो भने विदेशी विनिमय सञ्चिति घट्दै गयो। खासगरी उल्लेख्य आयातले गर्दा चालू खाता उच्च दरले बढ्न गएको छ। आर्थिक वर्ष २०७८।०७९ मा चालू खाता घाटा कुल गार्हस्थ्य उत्पादनको १३ प्रतिशत पुगेको छ। यसले गर्दा आर्थिक वर्ष सुरु हुँदा १०.२ महिनाको वस्तु तथा सेवा आयात गर्न सक्ने विदेशी विनिमय सञ्चिति रहेकोमा २०७९ जेठ महिनासम्म आइपुग्दा विदेशी विनिमय सञ्चिति घटेर ६.७ महिनाको वस्तु तथा सेवा आयात गर्न मात्र पुग्ने रहेको छ। जबकि मौद्रिक नीतिले सात महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी विनिमय सञ्चिति हुनुपर्ने लक्ष्य लिएको छ। तसर्थ, विदेशी विनिमय सञ्चिति थप घट्न नदिन ध्यान दिनुपर्ने आजको आवश्यकता हो।

त्यस्तै पछिल्ला महिनाहरूमा मुद्रास्फीति बढ्दै गएको छ। आर्थिक वर्ष २०७८।०७९ को पहिलो महिनामा उपभोक्ता मूल्य सूचकांकमा आधारित मूल्यवृद्धि ४.३५ प्रतिशत थियो भने २०७९ जेठ महिनामा आइपुग्दा ८.५६ प्रतिशत पुगेको छ। विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि, अमेरिकी डलरसँग नेपाली रुपैयाँको अवमूल्यन, रुस युक्रेन युद्धले खाद्यान्नलगायतका वस्तुहरूको मूल्यवृद्धिले गर्दा मुद्रास्फीति बढ्ने क्रममा रहेको छ। केही समय अझै रहने देखिन्छ। अर्थतन्त्रमा माग थप बढेमा मूल्यमा अझ बढी चाप पर्न जान्छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम नेपाल राष्ट्र बैंकको मुख्य उद्देश्य आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने हो । ऐनअनुसार मूल्य र शोधनान्तर स्थिरता कायम राख्नु मौद्रिक नीतिको प्रमुख दायित्व हो। अहिले दुवै चरणहरू दबाबमा परेको हुँदा सोही अनुरूप मौद्रिक उपकरणहरू तय गर्नुपर्ने आवश्यकता र बाध्यता दुवै रहेको छ। दुवै स्थिरता कायम हुन सकेन भने आर्थिक गतिविधिहरू अझै प्रताडित हुन्छन्। फलस्वरूप, सामान्य आर्थिक वृद्धिदर हासिल गर्न पनि कठिन हुन्छ। पर्याप्त विदेशी विनिमय सञ्चिति कायम भएन भने बाह्य अस्थिरता मात्र होइन वित्तीय र आर्थिक अस्थिरता पनि आउन सक्छ। यस्तो अवस्थामा आर्थिक वृद्धिदर नकारात्मकसमेत हुन सक्छ।

चालू खाता घाटा बढिरहेकोले विदेशी विनिमय सञ्चितिमा दबाब पारिरहेको अवस्थामा मौद्रिक नीति कडा हुनुपर्ने हुन्छ। किनभने कडा मौद्रिक नीतिले कर्जा प्रवाह घटाउने र कर्जाको ब्याजदर बढाउने गर्नुपर्छ। कर्जा प्रवाह घट्दा आयात घटाउन सहयोग पुऱ्याउँछ। प्रवाहित कर्जा कुनै न कुनै रूपमा आयात बढाउनमा सहयोगी हुन पुग्छ। त्यस्तै, अर्थतन्त्रमा ब्याजदर बढेमा मानिसले बचत गर्न प्रेरित हुने र उपभोग कम गर्ने हुँदा आयात कम हुने हुन्छ। फलस्वरूप, चालू खाता कम गर्न र विदेशी विनिमय सञ्चिति थप क्षय हुन नदिन सहयोग गर्न सक्छ। हुन त, विदेशी विनिमय सञ्चिति जोगाउन कडा मौद्रिक नीतिमात्र पर्याप्त नहुन सक्छ। निर्यात, विप्रेषण आप्रवाह, वैदेशिक सहयोग र वैदेशिक लगानी बढाउने उपायतर्फ पनि त्यति नै ध्यान दिनु पर्छ।

पक्कै पनि चालू आर्थिक वर्ष केही कसिलो मौद्रिक नीतिले गर्दा ब्याजदरहरू केही बढ्ने छन्। तर, विगतमा पनि योभन्दा बढी ब्याजदरहरू रहेका थिए। मुद्रास्फीति समायोजन गर्ने हो भने वास्तविक ब्याजदरहरू अझै कमै छन्। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा ध्यान नदिने हो भने हाम्रो बाह्य क्षेत्र सदैव कमजोर रहने देखिन्छ। जसले गर्दा अहिलेको जस्तो तरलता अभाव समय समयमा आइनै रहन्छ।

चालू आर्थिक वर्ष आर्थिक वृद्धिदरको होइन विदेशी विनिमय सञ्चिति जोगाउने र कमाउने विषयलाई प्राथमिकता दिनु पर्छ । विप्रेषण आप्रवाह बढ्नुको साथै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन भई विदेशी विनिमय सञ्चिति बढेमा बैंकिङ प्रणालीमा तरलता प्रवाह बढेर स्वतः ब्याजदरहरू घट्न पुग्ने हुन्छ। विश्वबजारमा पेट्रोलियम पदार्थको मूल्य घट्न सक्ने सम्भावना बढेको, वैदेशिक रोजगारीमा जानेको संख्या बढेको, पर्यटक आगमन सुधार हुँदै गएको र अहिलेको कसिलो मौद्रिक नीतिले आयात केही घटाउन सकेमा केही महिनापछि बाह्य क्षेत्रलगायत बैंकिङ क्षेत्रको तरलतामा सुधार हुने अपेक्षा गर्न सकिन्छ। साभार: अन्नपूर्णपोष्ट

# प्रचण्ड र जनार्दन शर्माबीच सार्वजनिक कार्यक्रममै 'घोचपेच'





काठमाण्डौं,२२ भदौ/नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र उपमहासचिव जनार्दन शर्माबीच सार्वजनिक कार्यक्रममै घोचपेच भएको छ ।

अखिल क्रान्तिकारीले गठन गरेको क्रान्तिकारी फोर्सको घोषणा कार्यक्रममा बुधवार पार्टीभित्रको पदाधिकारीको पद विभाजनलाई लिएर प्रचण्ड र शर्माबीच घोचपेच भएको हो । अर्को कार्यक्रममा जान हतार भएको भन्दै प्रचण्डले सुरुमै बोल्न खोज्नुभएको थियो तर उपमहासचिव जनार्दन शर्माले आफूले पहिले बोलेपछि मात्रै प्रचण्डले बोल्नुपर्ने अडान राखेपछि पहिले जनार्दनका कुरा सुनेपछि मात्रै प्रचण्ड बोल्नुभएको थियो

सम्बोधनका क्रममा जनार्दन शर्माले उपमहासचिव पद अस्वीकार गर्ने बताउनुभयो । 'नीति र नेतृत्व सही ढङ्गले चल्नुपर्छ भन्ने मान्छे हुँ म । अध्यक्ष कमरेडको कडा आलोचक मै हुँ र रक्षा गर्ने पनि मै हुँ । म उहाँको कडा आलोचना गर्छु तर रक्षा पनि मैले गर्छु । आलोचनाले नेतृत्वको रक्षा हुन्छ, चाकडीले हुँदैन, लाइनले हुँदैन', शर्माले भन्नुभयो ।

तर प्रचण्डले भने जनार्दन शर्मालाई आफैँले हुर्काएको र रक्षा गरेको बताउनुभयो । उहाँले भन्नुभयो, 'जनार्दनजीले जाँदा जाँदै भन्नुभयो( नीति र नेतृत्वको रक्षाको कुरा, म तपाईँहरूलाई भन्न चाहन्छु( जनार्दनलाई हुर्काउन र रक्षा गर्न पनि प्रचण्डको मुख्य भूमिका छ । उनको रक्षा र विकास गर्ने कुरामा मेरो भूमिका छ । मैले त जनयुद्धको तयारीको पनि नेतृत्व गरेँ, जनयुद्धको पनि नेतृत्व गरेँ, संविधान सभाको पनि नेतृत्व गरेँ, गणतन्त्रको पनि नेतृत्व गरेँ । मेरो लागि धेरै चिज भएकै छ, अब मेरो सपना राम्रो उत्तराधिकारी तयार होउन् भन्ने हो । उनीहरूले पार्टीलाई एकताबद्ध गराउन, क्रान्तिकारीलाई एकै ठाउँमा ल्याउन र हाम्रो विरासत जोगाइराखुन् ।'

कार्यक्रममा प्रचण्डले अहिले चुनावको लडाइँमा जाँदै गर्दा पार्टीको नीति सडक, सदन र सरकारका तीन वटै मोर्चाबाट सङ्घर्ष गरेर मात्रै उपलब्धि हासिल गर्न सकिन्छ भन्ने हुनुपर्ने बताउनुभयो । सडकको हिरो युवा विद्यार्थी भएको र विद्यार्थी सडकमा नआएसम्म देशमा परिवर्तन नहुने भएकाले टोल(टोलमा अभियान चलाउन पनि प्रचण्डले निर्देशन दिनुभयो । आफू देशव्यापी प्रशिक्षणमा जाँदा पनि अहिलेको चुनावी प्रणालीमाथि प्रश्न गरिरहेको भन्दै प्रचण्डले अहिलेको महँगो चुनाव लड्न माओवादीलाई समस्या भइरहेको बताउनुभयो ।

प्रतिगामीहरूले माओवादीले लडेर ल्याएको संविधान र नागरिकका अधिकार खोस्ने प्रयास गरिरहेको भन्दै प्रचण्डले विरोधीविरुद्ध एकजुट हुन पनि आह्वान गर्नुभयो ।

# सशस्त्र प्रहरीव्दारा ब्रोइलर कुखुरा नियन्त्रणमा



कृष्णकुमार साह

सेढवा, २२ भदौ/पर्साको ठोरी गाउँपालिकाबाट अवैध रुपमा भारतबाट नेपाल भित्र्याउदै गरेको २० वटा ब्रोइलर कुखुरा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर नष्ट पारेको छ ।

सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट सुवर्णपुरबाट सशस्त्र प्रहरी निरीक्षक दिपक नापितको नेतृत्वमा गएको सशस्त्र प्रहरीको गस्ती टोलीले ठोरी गाउँपालिका वडा नम्बर चार गोपी बस्तीबाट उक्त कुखुरा बरामद गरेको हो ।

नियनत्रणमा लिइएको कुखुरा लाई स्थानीयबासी, भद्रभलादमी र सन्चारकर्मीको रोहबरमा नष्ट गरिएको सशस्त्र प्रहरी बल १३ नम्बर गण वीरगन्जका सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

# सरकार भारतीय कम्पनीसँग पटक-पटक झुक्यो : रावल



काठमाण्डौ २२ भदौ/ नेकपा एमालेका नेता डा. भीमबहादुर रावलले माथिल्लो कर्णाली जलविद्युत् आयोजना अघि बढाउने जीएमआर कम्पनीसँगको सम्झौता तत्काल खारेज गर्न सरकारसँग माग गर्नुभएको छ ।

बुधवार माथिल्लो कर्णाली आयोजनाबारे सरकारको ध्यानाकर्षण गराउन जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रतिनिधि सभामा प्रस्तुत गर्दै नेता रावलले लामो समयदेखि यो आयोजना ओगट्ने काम मात्रै गरेको उल्लेख गर्दै भारतीय कम्पनीसँगको सम्झौता तत्काल खारेज गरी नागरिकको सहभागितामा सरकार आफैँले अगाडि बढाउन पनि आग्रह गर्नुभयो ।

उहाँले विगतमा गरिएको सर्तहरू उल्लङ्घन गर्ने, नेपालको राष्ट्रिय हित विपरीत हुने गरी त्यो कम्पनीले गतिविधि गरिरहेकाले सम्झौता रद्द गरेर नेपाल सरकार आफैँले वित्तीय व्यवस्थापन गरेर त्यो आयोजना अघि बढाउनुपर्ने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'जीएमआर कम्पनीले माथिल्लो कर्णाली जलविद्युत् आयोजना लामो समयसम्म ओगट्दै सम्झौताको उल्लङ्घन गरेर नेपाललाई क्षति पुऱ्याउनुका साथै राष्ट्रिय हितमा आँच पुऱ्याएकाले यो सम्झौँता तत्काल खारेज गरियोस् । यो आयोजनालाई जनसहभागिता र नेपाल सरकारको लगानीमा अगाडि बढाइयोस् ।'

सांसद रावलले सम्झौता विपरीतका गतिविधिमा संलग्न त्यो कम्पनीसँग पटक(पटक झुक्ने काम गरिरहेको भन्दै सरकारको कडा आलोचना पनि गर्नुभयो ।

# कांग्रेसले १ सय सिट लिन पहल गर्नुपर्छ : नेता कोइराला



धनुषा २२ भदौ/ नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले आउँदो प्रतिनिधि सभाको चुनावमा पार्टीले एक सयभन्दा कम सिट स्वीकार गर्न नहुने बताउनुभएको छ ।

बुधवार जनकपुरधाम विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै उहाँले सत्ता गठबन्धनमा सहभागी अन्य दलसँग सहमति गरी नेपाली कांग्रेसले एक सय सिट लिन पहल गर्नुपर्ने बताउनुभयो ।

नेता कोइरालाले गठबन्धनभित्र सहमति हुन अझै बाँकी रहेकाले प्रतिनिधि सभाको सिट बाँडफाँट भइसकेपछि प्रदेश सभाको सिट बाँडफाँटमा कुराकानी हुने जानकारी दिनुभयो ।

यसैबीच सत्ता गठबन्धनले सिट बाँडफाँटका लागि गठन गरेको कार्यदलको बैठक अहिले बालुवाटारमा बसिरहेको छ । सिट बाँडफाँटको विषय टुङ्ग्याउन लगातार छलफल र बैठक हुँदै आए पनि सहमति हुन सकेको छैन

# १२ सय करोड बराबरको लागुऔषधसहित दिल्लीमा दुई जना अफगान नागरिक पक्राउ



काठमाण्डौं,२२ भदौ/भारतको दिल्ली प्रहरीले इतिहासमै सबैभन्दा ठूलो परिमाणको लागुऔषध बरामद गरेको जनाएको छ । झण्डै १२ सय करोड भारतीय रुपैयाँ बराबरको ३ सय १२ किलो मेथाम्फेटामाइन लागुऔषधसहित दुई अफगान नागरिकलाई पक्राउ गरिएको दिल्ली विशेष प्रहरी सेलले जनाएको समाचार संस्था एएनआईले जनाएको छ ।

त्यसैगरी उनीहरूबाट १० किलो हेरोइन समेत बरामद भएको छ । आरोपीहरू नयाँ दिल्लीको कालिन्दी कुञ्ज मेट्रो स्टेशन नजिकैको मेथापुर रोडबाट पक्राउ परेका हुन् । सन् २०१६ देखि भारतमा बस्दै आएका २३ वर्षीय मुस्तफा स्टानिकजा र ४४ वर्षीय रहिमुल्लाह रहिमलाई विदेशबाट सञ्चालित लागुऔषध तस्करको ठूलो मात्रा दिल्लीमा ल्याइने गरेको सूचनापछि पक्राउ गरेको दिल्ली प्रहरीले जानकारी दिएको छ । दुई अफगानी नागरिकलाई पक्राउ गरेपछि लागूऔषधको अन्तर्राष्ट्रिय कारोबारबारे थप खुल्ने र यसबारेमा अनुसन्धान भैरहेको खबरमा उल्लेख छ ।

दिल्ली प्रहरीको स्पेशल सेलले अहिले बरामद गरिएको मेथाम्फेटामाइन इतिहासमै सबैभन्दा धेरै रहेको जनाएको छ ।

## मालपोत कार्यालयको ...

कार्यालय र जिल्ला मालपोत कार्यालयमा बुझाएको ज्ञापनपत्रमा उल्लेख भए अनुसारको माग पुरा नभएपछि आन्दोलनको घोषणा गरेका हुन ।

प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले आन्दोलनकारीका प्रतिनिधिहरुलाई कार्यालयमा बोलाएर बिहीवार सर्वदलीय बैठक बस्ने र सिम्रौनगढमा अपायक परेको भनिएको क्षेत्रका सेवाग्राहीहरुको बारेमा निर्णय लिने बताउनुभएको पिप्राबिर्ताका शिक्षक पन्नालाल दासले जानकारी दिनुभयो । उहाँले बिहीवारको बस्ने भनिएको सर्वदलीय बैठकको निर्णय अनुसार आन्दोलनको थप कार्यक्रम घोषणा हुने जानकारी पनि दिनुभएको छ ।

साविकको पिप्राविर्ता गाविसबाट १० मिनेटमा नै पुग्न सकिने कलैयाबाट हटाएर १ घण्टाभन्दा बढी समय लाग्ने सिम्रौनगढमा राखिएकोमा उनीहरुले असहमति जनाउदै आएका छन । त्यसैगरी सुवर्ण र देवतालका बासिन्दाहरुले पनि सिम्रौनगढको तुलनामा आफूहरुलाई सेवा लिन कलैया नै पायक पर्ने बताउदै आएका छन ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठले एक साताअघि सिम्रौनगढ मालपोत कार्यालयको उद्घाटन गर्नुभएको थियो ।

## बच्चा चोरी गर्ने ....

नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका हुन् ।

भारत बिहारको पश्चिमी चम्पारण जिल्लाको नरकटीयागन्जको पकडी ढाला घर भएका अन्दाजी ५०/५५ बर्षिया सयरी खातुन, मयरुन नेशा र छतौटी खातुनलाइ स्थानीयले नियन्त्रणमा लिएर प्रहरीमा बुझाएको प्रहरी निरीक्षक मल्लले जानकारी दिनुभयो । स्थानीयले तीनै जना भारतीय महिलाले घरमा छिरेर बच्चा चोर्ने प्रयास गरेको आरोप लगाए पनि उनीहरुले बच्चा चार्ने प्रयास गरेको यथेष्ट प्रमाण भने नभेटिएको प्रहरी निरीक्षक मल्लले बताउनुभयो ।

वडा प्रहरी कार्यालयको हिरासतमा रहेका तीनै जना महिलाले आफूहरु बच्चा चोर्न नभइ औंठीमा जडान गरिने पत्थर, जन्तर र जडिबुटी बेच्न वीरगन्ज आएको बयान दिएको मल्लले जानकारी दिनुभयो ।

## चटपटे बेचेर परिवारको ....

गुप्ताको परिवारमा श्रीमतीसहित २ वटा छोररा र ३ छोरी छन । उहाँले चटपटे बिक्रीको आम्दानबाट आफ्ना छोराछोरीहरुलाई विद्यालयमा पढाउदै आउनुभएको छ । उहाँका दुई सन्तान कक्षा ८, एकजना कक्षा ७ र दुई जना कक्षा ३ मा अध्ययन गर्दैछन । धेरैले चटपटे व्यापारलाई हेयको दृष्टिले हेर्ने गरेको भए पनि आफू भने पेसाबाट सन्तुष्ट रहेको र परिवार पनि खुसी रहेको उहाँले सुनाउनुभयो ।

## अवैध भारतीय कार...

कार्यालय रौतहटबाट बैशाख २६ गतेदेखि २८ गतेसम्मको इजाजत पत्र बनाई नेपाल प्रवेश गरी १ सय १८ दिन नेपालमै राखिएको रहेछ ।

कारको मुल्य २० लाख रुपैयाँ मुल्यांकन गरी आवश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा पर्सामा बुझाईएको सशस्त्र प्रहरी बल १३ नं गणका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार बस्नेतले जानकारी दिनुभयो ।

## विद्युत प्रधिकरणव्दारा ...

तहका वडामा चुहावट नियन्त्रण सम्बन्धि अन्तरक्रिया गरि विभिन्न कार्यक्रमलाई सहज बनाउनका लागि सो कार्यक्रमको सुरुवात गरिएको कार्यालयले जनाएको छ ।

विद्युत चुहावट नियन्त्रणमा गर्न कानुनी प्रक्रियामात्र पर्याप्त नभइ सम्बन्धित क्षेत्रमा पुगेर चुहावट नियन्त्रणको लागि सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम गर्दा जनताहरु सुसुचित हुने र यसको प्रभावकारिता पनि बढने भएकोले कार्यक्रमको थालनी गरिएको वितरण केन्द्रका प्रमुख दासले बताउनुभएको छ ।

हामा
आइरन एण्ड स्टील
हामास्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे ।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे ।
रमेश : ९८४५१६२४९८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिठ्ठा
वीरगंजबाट खुल्ने समय
बिहान : ५:२५ बजे
मोवाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA
STEEL
देशको मेरुदण्ड

# जीतपुरसिमराले सम्पति कर उठाउन सकेन

बिदुर खडका

डुमरवाना, २२ भदौ/ जीतपुरसिमरा औद्योगिक नगरका नगर प्रमुख राजन पौडेलले उद्योगी र व्यवसायीले नियमित रुपमा सम्पति कर बुझाएको खण्डमा जीतपुरसिमरा उपमहानगरपालिका देशको सबैभन्दा धनी नगरको रुपमा गणना हुने बताउनुभएको छ ।

जीतपुरसिमरा उपमहनगरपालिकाका राजस्व शाखाका प्रमुख राम शर्माले भने जीतपुरसिमरा नगर क्षेत्रभित्रका उद्योगी र व्यवसायीहरुलाई करको दायरमा ल्याउन तदारुकताका साथ काम भइरहेको बताउनुभएको छ ।




हालसम्मको तथ्याक अनुसार १ सय १ उद्योगी व्यवसायीहरुबाट नगरपालिकाले ७ करोड ५० लाख बक्यौता कर उठाउन बाँकी रहेको र सो संकलन गर्न कार्यालयबाट पत्राचार भएको पनि उहाँले बताउनुभएको छ ।

नगर क्षेत्रभित्र ५ करोडसम्म सम्पति हुनेलाई बार्षिक ९ हजार ५ सय रुपैया कर बुझाउनु पर्ने र त्योभन्दा माथि सम्पति भएकाहरुको हकमा दशमलब २५ प्रतिशतले वृद्धि हुने शर्माले जानकारी दिनुभयो ।

यता, देशकै मेरुदंण्डको रुपमा चर्चित जगदम्बा स्टीलले समेत १ करोड ८५ लाख सम्पति कर बुझाउन बाँकी रहेको छ भने देशकै उत्कृष्ट करदाताको रुपमा सम्मान पाउदै आएको सुर्य नेपालले समेत ५६ लाख सम्पति कर बुझाउन बाँकी रहेको कार्यालयमा तथ्याङ्ले देखाएको छ ।

# माओवादी पर्साव्दारा उम्मेदवार सिफारिस प्रदेश सभामा विद्यार्थी नेताहरू समावेश

राजन कुमार बनिया

पोखरिया, २२ भदौ/नेकपा माओवादी केन्द्र पर्साले जिल्लामा प्रतिनिधि सभा निर्वाचनको चारवटै क्षेत्र र प्रदेशसभा निर्वाचनको ८ वटै क्षेत्रको उम्मेदवारको नाम सिफारिस गरेको छ ।

नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति पर्साको बुधबार बसेको बैठकले पर्साले उम्मेदवारको सिफारिस टुंगो लगाएको हो । प्रतिनिधिसभाको चार र प्रदेशसभा निर्वाचन क्षेत्रको ८ वटै क्षेत्रमा उम्मेदवारको नाम सिफारिस गरिएको छ ।



माओवादी पर्साका अनुसार क्षेत्र १ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदारमा जफर अन्सारीको एकल नाम सिफारिस गरेको छ । क्षेत्र नम्बर २ मा बालकृष्ण श्रेष्ठ, क्षेत्र नम्बर ३ मा डाक्टर सुभाष यादव र क्षेत्र नम्बर ४ मा टेकबहादुर शाक्य र इम्दाद गद्दीको नाम सिफारिस गरिएको छ ।

त्यस्तै प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ को (क) मा प्रभु यादव, रहबर अन्सारी, पस्मिना कादरी र (ख) मा सुरेन्द्र गुप्ताको एकल नाम सिफारिस भएको छ । त्यस्तै क्षेत्र नम्बर २ मा जनयुद्धबाट आएका बालकृष्ण श्रेष्ठ प्रतिनिधिसभामा, अमिताभबच्चन दास प्रदेशसभा (क) र प्रभाकर गुप्ता प्रदेशसभा (ख) को उम्मेदवारमा एकल नाम सिफारिस गरेको छ ।

त्यस्तै प्रदेशसभा क्षेत्र नम्बर ३ को (क) मा बालेश्वर थारु र (ख) मा छोटेलाल प्रसादको एकल नाम सिफारिस भएको छ । क्षेत्र नम्बर ४ को प्रदेशसभा (क) मा विजयप्रसाद महतो र विरेन्द्रप्रसाद यादवको नाम सिफारिस भएको छ भने (ख) मा शेष चाँदतारा र संतोष पटेलको नाम सिफारिस भएको नेकपा माओवादी केन्द्र पर्साले जनाएको छ ।

# चटपटे बेचेर परिवारको गुजारा



जीतपुर,२२ भदौ/जीतपुरका एक युवकले चटपटे बेचेर परिवारको गुजारा चलाउदै आउनुभएको छ ।

जीतपुर बजारमा बस्ने वर्ष ३७ का सतोष गुप्ताले विगत लामो समयदेखि सडक पेटीमा ठेलामा राखेर चटफटे बेच्दै आउनुभएको हो । २० वर्षदेखि चटपटे बेच्दै आएको गुप्ताले बताउनुभयो । 'आम्दानी राम्रै हुन्छ, उहाँले भन्नुभयो, पेसाबाट सन्तुष्ट छु ।' उहाँले दिउसो २ बजे घरबाट निस्कने र राति ८ बजेसम्म सडक पेटीमा बसेर चटपटे बेच्ने गरेको सुनाउनुभयो ।

बाँकी तेश्रो पेजमा

# माँ अजिमा टेड्र्सको 'कायापलट' विशेष योजना




निजगढ, २२ भदौ/टिभिएस मोटरसाइकल र स्कुटरहरुको आधिकारिक बिक्रेता माँ अजिमा टेड्र्सले विजया दशमी पर्वलाई मध्यनजर गर्दै 'कायापलट' नामको विशेष योजना सार्वजनिक गरेको छ ।

निजगढ नगरपालिका वडा नं. ९ स्थित माँ अजिमा टेड्र्सले सो योजना अन्तर्गत आफ्ना ग्राहकले टिभिएसको मोटरसाइकल र स्कुटर खरिद गर्दा पाँच पटकसम्म आकर्षक उपहार प्राप्त गर्न सक्ने योजना अघि सोरेको टेड्र्सका संचालक रबि राजभण्डारीले जानकारी दिनुभयो ।

भदौ २० गतेबाट देशभर सीमित अवधिको लागि उपलब्ध 'कायापलट' योजना अन्तर्गत एक लाखसम्म जित्ने मौका समेत रहेको छ ।

हरेक दिन योजना बारे सोधपुछ गर्ने एक भाग्यशाली विजेतालाई रियलमी सी ३० स्मार्ट फोन प्रदान गरिनेछ भने हरेक हप्ता एक खरिदकर्तालाई सम्पूर्ण नगद फिर्ता गर्ने र एक भाग्यशाली विजेतालाई बम्पर उपहार ५० लाखको नगद पुरस्कार समेत उपलब्ध गराइने जनाइएको छ ।

विजेताहरूको घोषणा प्रत्येक मंगलबार लक्की ड्र मार्फत साँझ ५ बजे जगदम्बा मोटर्सको आधिकारिक फेसबुक पेजमा प्रत्यक्ष प्रसारण गरिने माँ अजिमा टेड्र्सले जनाएको छ ।

# प्रहरीव्दारा फरार प्रतिवादी पक्राउ

बारा, २२ भदौ/बारा प्रहरीले लागुऔषध मुद्दामा फरार रहेका एक प्रतिवादीलाई कलैयाबाट बुधवार बिहान पक्राउ गरेको छ ।



फैसला कार्यान्वयनको सिलसिलामा जिल्ला प्रहरी कार्यालय बाराबाट खटेको टोलीले कलैया उपमहानगरपालिका वडा नम्बर १६ दोहरी पकडी टोल बस्ने नागेन्द्र रामलाई पक्राउ गरेको हो ।

रामलाई प्रहरी टोलीले आफ्नै गाउँ/घरमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरी सम्मानित बारा जिल्ला अदालतमा पेस गरेको छ ।

बारा जिल्ला अदालतको फैसला आदेशले लागूऔषध (गाँजा) मुद्दामा एक वर्ष कैद र ५ हजार रुपैया जरिवाना ठहर भएपछि फरार रहेका रामलाई पक्राउ गरी कैद तथा जरिवाना भुक्तानको लागि कारागार कार्यालय वीरगन्ज पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ ।

# विद्युत प्रधिकरणव्दारा सोनरनियाँमा २५ वटा विद्युत मिटर वितरण



राजकुमार यादव

मौलापुर,२२ भदौ/नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रको आयोजनामा विद्युत चुहावट नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम एवं ग्राहस्थ प्रयोजनाको लागि घरदैलोमा विद्युत मिटर वितरण कार्यक्रम बुधबार मौलापुर नगरपालिकाको सोनरनियाँमा सम्पन्न भएको छ ।

नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र मौलापुर शाखाले विद्युत चुहावट नियन्त्रण गर्नका लागि नगरपालिकाको वडा नम्बर ८ सोनरनियाँका ग्राहकहरुलाई विद्युत मिटर वितरण गरेको हो ।

स्थानीय बलकेशिया देवी, शियापति देवी, मरछिया देवी र हिरमतिया देवी लगायत २५ जना ग्राहकहरुलाई वडा कार्यलयको प्राङ्गणमा वडाध्यक्ष शिवप्रशन यादवको उपस्तिथिमा मिटर वितरण कार्यक्रम सम्पन्न भएको नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका कार्यलय प्रमुख संदिप दासले जानकारी दिनुभयो ।

विद्युत चुहावट नियन्त्रण गर्नका लागि निम्ति कार्यालयले सार्वजनिक सुनुवाइ र अन्तरक्रिया कार्यक्रमको पनि सुरुवात गरेको छ । मौलापुर वितरण केन्द्रको कार्यक्षेत्र अन्तर्गत स्थानीय

बाँकी तेश्रो पेजमा

## सुरक्षा गार्ड आवश्यकता सम्बन्धी सूचना

जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १८ बडहर्वामा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेड मनहर्वालाई केही सुरक्षा गार्डको आवश्यकता परेको हुँदा नियमानुसार दर्ता भई संचालनमा रहेका सुरक्षा गार्ड (सेक्युरिटी) कम्पनीहरुबाट कोटेशन माग गरिएको छ । दिवा अथवा रात्री सेवा लिँदा दिँदा सेवा दिएबापत सेवा लिने संस्थाले तिर्नु बुझाउन पर्ने सुविधा रकम उल्लेख गरी सूचना प्रकाशित मितिले ७ सात दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित कम्पनीका तर्फबाट ईमेल वा प्रतिनिधिमार्फत कार्यालय समयमा कोटेशन पेस गर्न अनुरोध गर्दछौं ।

तोकिएको अन्तिम दिन बिदा परेका खण्डामा कार्यालय खुलेको पहिलो दिनलाई म्याद मानिने छ ।

**तपसिल** :

१. नियमानुसार दर्ता भई समयमै नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. सरकारलाई निर्तु बुझाउनु पर्ने कर तिरी कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
३. अनुभवीको प्रमाणपत्र ।
४. सुरक्षाको पूर्णजिम्मेवारी पुरा गर्ने सर्त मान्न तयारपत्र ।
५. कम्पनीको आधिकारिक अन्य प्रमाणहरु ।

संस्थाको सम्पर्क नं. : ९८५५०२२१६, ९७४२८५८५१६
ईमेल : manaharwa@gmail.com\ puspa.bara@mail.com

**आज्ञाले**
**संचालक समिति**
**साना किसान कृषि सहकारी संस्था लिमिटेड मनहर्वा**
**जीतपुरसिमरा उपमहानगरपालिका- १८, बारा**
**मिति २०७९ भाद्र २३**

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

यस क्षेत्रको उत्कृष्ट, दिगो र भरपर्दो वित्तिय सेवा प्रदायक यस संस्थाका लागि सहकारी क्षेत्रमा कार्य गर्न इच्छुक कर्मचारी आवश्यक भएकोले नेपाली नागरिकहरुबाट आवश्यक कागजपत्रको प्रमाणित प्रतिलिपि र पासपोर्ट साईजको फोटोसहित प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०५।२२

तपसिल :

१. विज्ञापन नं. १/०७९/०८०, पद : अधिकृत, संख्या : १ (एक), तह : छैटौं

| | |
|---|---|
| आवश्यक योग्यता | उमेर : २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको । योग्यता : व्यवस्थापन संकायमा स्नातक तह उतिर्ण । अनुभव : वित्तिय क्षेत्रमा अधिकृत तहमा ५ वर्षको कार्य अनुभव तथा कम्प्युटर सम्बन्धि आवश्यक ज्ञान भएको । |
| परीक्षा सम्वन्धमा | परीक्षाको किसिम : लिखित, प्रयोगात्मक,अवधारणापत्र (Concept Paper) व्यवसायिक योजना (Business Plan ) सहितको अन्तरवार्ता । परीक्षा दस्तुर : १,१००।०० (फिर्ता नहुने) |
| २. विज्ञापन नं. २/०७९/०८०, पद : सहायक, संख्या : १ (एक), तह : तेस्रो | |
| आवश्यक योग्यता | उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । योग्यता : व्यवस्थापन संकायमा +२ उतिर्ण । अनुभव : कम्प्युटर सम्बन्धि आवश्यक ज्ञान भएको । |
| परीक्षा सम्वन्धमा | परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तरवार्ता । परीक्षा दस्तुर : ५,५०।०० (फिर्ता नहुने) |

**अन्य जानकारी** :

१. निर्धारित समयभित्र आवश्यक कागजपत्र बिनाको दरखास्त उपर कारबाही नहुने ।
२. सम्पर्क मिति : दरखास्त अन्तिम मितिको भोलिपल्ट ।
३. तलब स्केल : संस्थाको नियमानुसार ।
४. थप जानकारीका लागि कार्यालयमा आइ सम्पर्क गर्नुहुन अनुरोध छ ।

**पदपूर्ति उपसमिति**

प्रबन्ध संचालक:- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादक:- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाता:-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालय:- निजगढ नगरपालिका वार्डनम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रक:-के.एस. मल्टिप्रपोज प्रा.ली.